# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असार १५ गते २०३८ साल ( संख्या १२


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र बाल कोषको अनुरोधमा निम्न डिजाइन, नाप र तौलको मुद्रा संकलनकर्ताहरूलाई बिक्री गर्न निम्नबमोजिमको मुद्रा, असर्फी र तिनको पी. फोर्टहरू विदेशी टक्सारमा मुद्रण गराउने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

(क) चाँदीको मुद्रा

मुद्रा रू. १००।–

एकापट्टिको डिजाइन :– घेरामा चौसट्ठी थोप्ला भित्र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको चित्र नाम र "नेपाल २०३७" अंकित।

अर्कोपट्टिको डिजाइन :– घेरामा चौसट्ठी थोप्ला भित्र माथि श्री भवानी एक सय रूपैयाँ बीचमा दायाँ बायाँ बाल वर्षको चिन्हहरू साथै बालक र बालिकाले धारामा गाग्रो थापिरहेको चित्र मुनि "अन्तर्राष्ट्रिय बाल वर्ष नेपाल" अंकित।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डायमिटर :– ३६ एम. एम.

तौल :– ३०० ग्रेन (१९.४४ ग्राम)

क्वालिटी :– प्रूफ

बनावट :– ५०० फाइन चाँदी

मुद्रण गरिने अधिकतम संख्या:– २५,०००

(ख) चाँदीको मुद्रा (पी. फोर्ट)

मुद्रा रू. १००।–

एकापट्टिको डिजाइन :– घेरामा चौसट्ठी थोप्ला भित्र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको चित्र नाम र "नेपाल २०३७" अंकित।

अर्कोपट्टिको डिजाइन :– घेरामा चौसट्ठी थोप्ला भित्र माथि श्री भवानी एक सय रूपैयाँ बीचमा दायाँ बायाँ बाल वर्षको चिन्हहरू साथै बालक र बालिकाले धारामा गाग्रो थापिरहेको चित्र मुनि "अन्तर्राष्ट्रिय बाल वर्ष नेपाल" अंकित।

डायमिटर:– ३६ एम. एम.

तौल:– ६०० ग्रेन (३८.८८ ग्राम)

क्वालिटी:– प्रूफ

बनावट:– ५०० फाइन चाँदी

मुद्रण गरिने अधिकतम संख्या:– २,५०० थान

(ग) सुनको असर्फी (प्रूफ)

एकापट्टिको डिजाइन:– घेरामा चौसट्ठी थोप्ला भित्र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको चित्र नाम र "नेपाल २०३७" अङ्कित।

अर्कोपट्टिको डिजाइन:– घेरामा चौसट्ठी थोप्ला भित्र माथि श्री भवानी बीचमा दायाँ बायाँ बाल वर्षको चिन्हहरू साथै बालिकाले किताब पढिरहेको चित्रमुनि असर्फी त्यसको मुनि "अन्तर्राष्ट्रिय बाल वर्ष नेपाल" अङ्कित।

डायमिटर:– २८ एम. एम.

तौल:– १८० ग्रेन (११.६६ ग्राम)

बनावट:– ९०० फाइन सुवर्ण

मुद्रण गरिने अधिकतम संख्या:– २५,००० थान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।